# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३७०/२०७१/०७२

निर्णय नं. २४

सन्धिखर्क नगरपालिका वार्ड नं. १, अर्घाखाँची बस्ने मुक्तिनाथ भुसाल ........................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, पश्चिमाञ्चल सडक डिभिजन कार्यालय नं. ५ शिवपुर, कपिलबस्तु .........१ विपक्षी
सूचना अधिकारी, पश्चिमाञ्चल सडक डिभिजन कार्यालय नं. ५ शिवपुर, कपिलबस्तु ........१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

सन्धिखर्क नगरपालिका वार्ड नं. १, अर्घाखाँची बस्ने मुक्तिनाथ भुसालले पश्चिमाञ्चल सडक डिभिजन कार्यालय नं. ५ शिवपुर, कपिलबस्तु समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०९।०८ मा पुनरावेदन गरेको । उक्त पुनरावेदनको सम्बन्धमा यस आयोगको पु. च. नं. ८३२ मिति २०७२।०१।०३ को पत्रबाट पश्चिमाञ्चल सडक डिभिजन कार्यालय नं. ५ शिवपुर, कपिलबस्तुलाई माग बमोजिमको सूचना के-कति कारणले उपलब्ध गराइएन भनी पत्राचार गरिएको । तत् पश्चात पश्चिमाञ्चल सडक डिभिजन कार्यालय नं. ५ शिवपुर, कपिलबस्तुको च. नं. ७३३ मिति २०७१।१२।०६ को पत्र मार्फत सूचना उपलब्ध गराईएको सम्बन्धमा लेखी आएको । पुनरावेदकले पनि मिति २०७०।१२।२४ मा केही सूचना हात लागेको भनी जानकारी गराएको । पुन: विपक्षी कार्यालयको च. नं. ८४८ मिति २०७२।०१।२२ को पत्र मार्फत पुनरावेदक सूचना लिन नआएको व्यहोरा लेखी आएको । साथै आफूले भने बमोजिमका सूचनाहरु प्राप्त नभएको भनी पुनरावेदकले पनि मिति २०७२।०२।१९ मा पुन: पुनरावेदन गरेको । उक्त पुनरावेदनको सम्बन्धमा यस आयोगको मिति २०७२।०४।२९ को आदेश कार्यान्वयन सम्बन्धमा आयोगको च. नं. ३२ मिति २०७२।०४।२९ को पत्रबाट पश्चिमाञ्चल सडक डिभिजन कार्यालय नं. ५ शिवपुर, कपिलबस्तुलाई पत्राचार गरिएको । उक्त पत्रचार पश्चात पनि माग बमोजिमको सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७२।०६।१३ र २०७२।११।०६ मा पुन: उजुरी गरेको । तत् पश्चात आयोगको च. नं. १३५९ को पत्रबाट विपक्षी कार्यालयलाई आदेश कार्यात्वयन सम्बन्धमा ताकेता पत्र लेखी गएकोमा हालसम्म पनि सूचना नपाएको भनी मिति २०७३।०४।२४ मा पुन: उजुरी गरेको । उक्त

पुनरावेदनको सम्बन्धमा यस आयोगको मिति २०७३।०४।२१ मा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम किन कारवाहीको प्रकिया अघि नबढाउने ? भनी पुनः आदेश जारी भई सो आदेश कार्यान्वयन सम्बन्धमा आयोगको च. नं. २२९, मिति २०७३।०४।२८ को पत्रबाट पश्चिमाञ्चल सडक डिभिजन कार्यालय नं. ५ शिवपुर, कपिलवस्तुलाई पत्राचार गरिएको । उक्त पत्रचार पश्चात पनि माग बमोजिमको सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७३।०५।१९ मा पुनः उजुरी गरेको ।

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा पश्चिमाञ्चल सडक डिभिजन कार्यालय नं. ५ शिवपुर, कपिलवस्तुले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिँदैन । साथै यस आयोगको पटक पटक आदेश जारी भएको लामो समयसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले प्रकिया अघि किन नबढाउने ? यसरी लामो अवधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण ३ ( तीन) दिन भित्र यस आयोगमा पठाउन र यस आयोगको मिति २०७१।०५।२९ को आदेश अनुसार ३ ( तीन) दिन भित्र सूचना उपलब्ध गराउनू भनी पश्चिमाञ्चल सडक डिभिजन कार्यालय नं. ५ शिवपुर, कपिलवस्तुको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यो आदेशको पालना नभएमा निज पश्चिमाञ्चल सडक डिभिजन कार्यालय नं. ५ शिवपुर, कपिलवस्तुका कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारवाही हुने व्यहोरा निजलाई जानकारी दिनू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल भदौ २३ गते रोज ५ शुभम् ।